# नेपाली राजदूतावास, अबुधाबी

Tel.: +971-2-6344767 / 6344385, Fax: +971-2-6344469
E-mail : eonabudhabi@mofa.gov.np
Website: www.ae.nepalembassy.gov.np


## प्रेस विज्ञप्ति

*Ref.*

कोभिड-१९ को महामारीका कारण अन्तर्राष्ट्रिय उडानहरू स्थगन भई सिर्जना भएको असहज परिस्थितिमा युएइमा रहनुभएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई सहयोग गर्न र घर फिर्तीलाई सहजीकरण गर्न यस दूतावासले निरन्तर प्रयास गर्दै आएको व्यहोरा सबैलाई विदितै छ ।

यसै क्रममा युएइमा रहनुभएका नेपालीहरुलाई नेपाल फर्काउने क्रम सुरु भएको छ । गत जुन १९ देखि २७ सम्म ११ वटा Chartered Flights मार्फत १८८९ नेपालीहरू स्वदेश फर्किसक्नुभएको छ  र यो क्रम जारी छ ।

लामो समयसम्म समस्याग्रस्त भई नेपाल जानुपर्ने अवस्थामा रहनुभएका नेपालीहरूको संख्या उल्लेख्य रहेको र कतिपय स्वयं दूतावाससमक्ष उपस्थित भई आफ्ना समस्याहरू राख्ने गर्नुभएको छ । यसरी आउने नेपालीहरुलाई दूतावासले आवश्यक सहयोग गर्नुका साथै यथार्थ सूचना र जानकारी उपलब्ध गराउने गरेको छ ।

यसै क्रममा शिव बच्चन शाह रौनियार र उहाँसँग सम्बन्धित केही भिडियो तथा प्रकाशित समाचारप्रति दूतावासको ध्यानाकर्षण भएको छ । निज तथा उक्त भिडियोका सम्बन्धमा निम्न कुराहरू स्पष्ट पारिएको छ -

क) निजले आफ्नो गुनासो दूतावासमा जानकारी गराएपश्चात् तत्कालै सम्बन्धित कम्पनीसँग सम्पर्क गरी समस्या समाधानको पहल गरिएको । निजले सो कम्पनीमा दुई-तीन दिन मात्र काम गरी छोडेको बुझिएको ।

ख) निजलाई दूतावासबाट आवाससम्म जान यातायात खर्च समेत प्रदान गरिएको र कतिपय अवस्थामा निजको लागि दूतावासले सवारी साधनको व्यवस्थासमेत गरेको ।

ग) नेपाल फिर्तीका लागि निजको नाम प्राथमिकतासाथ सार्वजनिक गरिएको । तर निजले हवाइ टिकट खरिद गर्न नसक्ने जनाएकोले राजदुतावासको समन्वयमा हवाई टिकटको व्यवस्था गरिएको । नेपाल एयरलाइन्सको २७ जुनको उडानबाट निजलाई नेपाल पठाउने गरी टिकट व्यवस्था भएकोमा इमिग्रेशन सम्बन्धी समस्या देखा परेकोले निजको उक्त दिनको उडान रद्ध भएको । आवश्यक प्रक्रिया पुरा गरी यही जुन ३० मा सोही एयरलाइन्समार्फत निज नेपाल फर्कने तय भएको । सोका लागि दूतावासले सहजीकरण गरिरहेको ।

घ) निजको खाने बस्ने प्रबन्ध युएइस्थित नेपाली समुदायसँगको समन्वयमा गरिएको ।

उल्लिखित कार्यहरु भइरहेकै अवस्थामा निज दूतावासमा बारम्बार आई विभिन्न भिडियो बनाउने र गलत सन्देश प्रवाह हुने गरी सार्वजनिक गर्ने कार्यप्रति दूतावास दुःख व्यक्त गर्दछ ।

यस कठिन परिस्थितिमा युएइमा रहेका नेपाली नागरिकहरुलाई सघाउन यस दूतावास सदैव क्रियाशील  रहेको व्यहोरा सबैमा पुनः अनुरोध गर्दछौं ।

नेपाली राजदुतावास,

अबुधाबी,

२०७७ आषाढ १३ गते